# योकोहामा शहर स्थानीय जापानी भाषा शिक्षा प्रवर्द्धन कार्य योजना [सारांश संस्करण] (मस्यौदा)

ネパール語

## निर्धारण गरिएको उद्देश्य

यो योजना, विदेशीहरूको वृद्धि र जापानी भाषा सिक्ने आवश्यकताहरू आदिमा आएको परिवर्तनको प्रतिक्रियामा योकोहामाको लागि विशेष स्थानीय जापानी भाषा शिक्षा (अध्ययन सहयोग) वातावरणलाई थप वृद्धि गर्नको लागि, सहरी क्षेत्रको जापानी भाषा अध्ययन सहयोगको वास्तविक अवस्था र आवश्यकताहरू बुझेर, अब देखि व्यापक रूपमा सम्बन्धित संस्थाहरू र विदेशीहरू सहितको नागरिकहरू सँगसँगै बहुसांस्कृतिक सहजीवनको लागि प्रयास प्रवर्द्धन गर्ने उद्देश्यले बनाइएको हो।

**[अवधि]** आर्थिक वर्ष सन् २०२५ देखि आर्थिक वर्ष सन् २०२९ सम्म करिब 5 वर्ष

सामाजिक वातावरणमा आएको परिवर्तनहरू, नीतिनियमहरू तथा सम्बन्धित योजनाहरूमा आएको परिवर्तनहरू आदिलाई ध्यानमा राखेर आवश्यकता अनुसार यसलाई पनि परिवर्तन गर्दै जानेछौं।

## आधारभूत विचारधारा

### ●विचारधारा

बालबालिका देखि वयस्क सम्म सबैको लागि उपयुक्त जापानी भाषाको अध्ययनको लागि सहयोग गर्ने काम मार्फत बहुसांस्कृतिक सहजीवन तथा सहकार्य गर्ने समुदायको निर्माणको लागि प्रोत्साहन गर्ने

### ●लक्षित क्षेत्रको बारे

जापानी भाषा प्रयोग गर्दै कुराकानीको माध्यमबाट विदेशीहरू र जापानीहरूले पारस्परिक समझदारीलाई गहिरो बनाई समान सम्बन्ध बनाउने प्रयास गर्दै सँगै मिलेर एउटै समाजका सदस्यहरूको रूपमा जीवनयापन गर्दैछ।

## उपायहरूको दिशा

निम्न ३ दिशामा उपायहरू अगाडि बढाउनेछौं।

| उपायहरूको दिशा १ | उपायहरूको दिशा २ | उपायहरूको दिशा ३ |
|---|---|---|
| **जापानी भाषा सिक्ने अवसरहरू सुनिश्चित र वृद्धि गर्ने** | **स्थानीय जापानी भाषा शिक्षाको जिम्मेवार व्यक्तिहरूको सहयोग र विकास** | **प्रत्येक निकायसँगको सहकार्यलाई सुदृढ गर्ने** |

## उपायहरू पूरा गर्नको लागि विशेष प्रयासहरू (कार्य योजना)

### उपायहरूको दिशा १　जापानी भाषा सिक्ने अवसरहरू सुनिश्चित र वृद्धि गर्ने

शहरमा स्थानीय जापानी भाषाका कक्षाहरूमा केन्द्रित केहि किसिमको अध्ययनको लागि सहयोग गर्ने कामको प्रयासहरू भए तापनि विदेशीहरूको वृद्धि सँगसँगै उनीहरूको अध्ययन सम्बन्धित आवश्यकताहरू बढ्दै र उद्देश्य पनि फरक-फरक हुँदै गइरहेका छन्। जापानी भाषा सिक्ने ठाउँ छनौट गर्न मिल्ने गरी सजिलै जान सक्ने र आवश्यकता अनुसारको जापानी भाषा सिक्ने अवसर प्रदान गर्नको लागि स्थानीय जापानी भाषाका विज्ञहरूसँग सहकार्य गर्दै जापानी भाषा सिक्ने वातावरणमा सुधार गर्ने, जानकारी सङ्कलन तथा प्रदान गर्ने कार्यमा सुधार ल्याउन प्रयास गर्नेछौं।

| प्रयास | विवरण |
| --- | --- |
| **१-१ आवश्यकता अनुसारको जापानी भाषा सिक्ने वातावरण सिर्जना गर्ने** | **●नयाँ जापानी भाषा कक्षा सुरु गर्ने**<br>जापानी भाषाका कक्षाहरूको अभाव भएका क्षेत्रमा नयाँ जापानी भाषाका कक्षाहरू शुरु गर्नको लागि आवश्यक पर्ने सहयोग गरेर सिक्ने अवसरहरू सुनिश्चित गर्नेछौं।<br>**●विभिन्न प्रकारको सिक्ने आवश्यकताहरू पूरा गर्ने प्रयासहरू**<br>विद्यालय भर्ना हुन अगाडिको बालबालिकाका अभिभावक तथा बालबालिकाको लागि जापानी भाषाका कक्षाहरू सम्बन्धित संस्थाहरूसँगको सहकार्यमा सञ्चालन गर्नेछौं। साथै स्थानीयहरूको परिस्थिति र आवश्यकताहरूलाई ध्यानमा राखेर कक्षाहरू पनि सञ्चालन गर्नेछौं। |
| **१-२ जापानी भाषा सिक्ने अवसरहरूको बारेमा जानकारी सङ्कलन गर्ने र प्रदान गर्ने** | **●स्थानीय जापानी भाषा कक्षाको डाटाबेसमा पोस्ट गरिएको जानकारीको वृद्धि गराउने र जानकारी पहुँच सुधार गर्ने**<br>तपाईंको आवश्यकताहरू पूरा गर्न स्थानीय जापानी भाषा कक्षाहरू पहुँच गर्न सजिलो बनाउनको लागि हामी डाटाबेसमा कक्षाको जानकारीलाई वृद्धि गराउनेछौं र सुविधामा सुधार गर्नेछौं।<br>**●प्रत्येक संस्थासँगको सहकार्यमा, स्थानीय जापानी भाषा कक्षाहरू बाहेक जापानी भाषा शैक्षिक संस्थाहरू आदिको जानकारी समन्वय गर्ने**<br>सिक्न चाहनेहरूलाई जापानी भाषा सिक्ने विभिन्न विकल्पहरू प्रदान गर्नका लागि निजी लगायत जापानी भाषा शिक्षा संस्थाहरूको जानकारी राख्नेछौं। |

## उपायहरूको दिशा २　स्थानीय जापानी भाषा शिक्षाको जिम्मेवार व्यक्तिहरूको सहयोग र विकास

जापानी भाषा अध्ययन गर्नुको आवश्यकता बढ्दै जानाले जापानीभाषाको शैक्षिक संस्थाहरू र स्थानीय जापानी भाषाका कक्षाहरूमा जिम्मेवारी लिएर अध्ययनमा सहयोग गर्ने व्यक्तिहरूको बौद्धिक विकास तथा संख्या सुनिश्चित गर्ने कुरा चुनौतीजनक हुदै गइरहेको छ। व्यक्ति व्यक्तिको अध्ययन गर्ने उद्देश्यहरू पूरा गर्न सक्षम भएको विभिन्न प्रकारको जिम्मेवारी लिएर काम गर्ने व्यक्तिहरूलाई अध्ययनको लागि सहयोग गर्ने काममा सहभागी तथा सक्रिय भूमिका निर्वाह गर्न सक्ने बनाउनको लागि अन्तर्राष्ट्रिय विनिमय लाउन्ज, स्थानीय जापानी भाषाका कक्षाहरू, स्थानीय बासिन्दाहरू र विदेशीहरू स्वयमसँगको सहकार्यमा स्थानीय जापानी भाषा शिक्षाको जिम्मेवारी लिएर काम गर्ने व्यक्तिहरूको बौद्धिक विकास तथा संख्या सुनिश्चित गर्ने काम गर्नेछौं।

| प्रयास | विवरण |
| --- | --- |
| **२-१ स्थानीय जापानी भाषा शिक्षाको विभिन्न प्रकारका जिम्मेवारी लिएर काम गर्ने व्यक्तिहरूको बौद्धिक विकास** | **●स्थानीय जापानी भाषाका कक्षाहरू आदिमा सहभागिता जनाउन उत्प्रेरित गर्ने**<br>जापानी भाषा अध्ययनको लागि सहयोग गर्ने काममा चासो राख्नेहरूका लागि संक्षिप्त विवरण दिने सभा आयोजना गरेर अध्ययनको लागि सहयोग गर्ने कामका जिम्मेवार व्यक्तिहरूको दायरा विस्तार गर्नेछौं।<br>**●नयाँ जिम्मेवार व्यक्तिहरूको विकास**<br>युवाहरू र जापानी भाषा सिक्ने अनुभव भएका विदेशीहरू आदिलाई जापानी भाषा अध्ययन सहयोग सँग जोडिने अवसर सृजना गरेर विभिन्न प्रकारका जिम्मेवार व्यक्तिहरूको विकास गर्नेछौं। |
| **२-२ स्थानीय जापानी भाषाका कक्षाहरू आदिको गतिविधिहरूमा सहयोग** | **●स्थानीय जापानी भाषा कक्षाहरू आदिको लागि सहयोग**<br>जापानी भाषाका कक्षाको सञ्चालकहरू र जापानी भाषा अध्ययन गर्ने कामको सहयोगीहरूको लागि प्रशिक्षण, कक्षाको समस्याहरू समाधान गर्नको लागि सञ्चालनमा सहयोग गर्ने आदि कामहरू गर्नेछौं। |

| | |
|---|---|
| | **●अन्तर्राष्ट्रिय एक्सचेन्ज लाउन्ज आदिको लागि सहयोग**<br>अन्तर्राष्ट्रिय एक्सचेन्ज लाउन्जको जिम्मेवार व्यक्तिहरूका लागि प्रशिक्षण कार्यक्रमहरू आयोजना र नेटवर्क निर्माण गर्नेछौं। साथै अन्तर्राष्ट्रिय एक्सचेन्ज लाउन्जहरू नभएका वार्डहरूमा प्रत्येकको परिस्थिति आदि अनुसार स्थानीय जापानी भाषा अध्ययनको लागि सहयोग गर्ने कामको वृद्धि गराउने प्रयास ती वार्डहरूसँग गर्नेछौं। |

## उपायहरूको दिशा ३ प्रत्येक निकायसँगको सहकार्यलाई सुदृढ गर्ने

धेरै फरक-फरक किसिमको जापानी भाषा सिक्नेहरुको आवश्यकताहरुलाई परिपूर्ति गर्नको लागि प्रत्येक निकायसँग समस्याहरू बारे जानकारी आदानप्रदान गरि समाधानको लागि सहकार्यलाई बलियो बनाउदै लग्न आवश्यक छ।

यस परियोजनालाई अगाडि बढाउने कामको मुख्य ठाउँ "योकोहामा जापानी भाषा अध्ययन सहयोग केन्द्र" मा संयोजक नियुक्त गर्ने जस्ता कुराहरु मिलाउने र संयोजकहरुको काम गर्ने क्षमतालाई अझ राम्रो बनाई प्रत्येक निकायसँग सहकार्य र सहयोग गरेर काम गर्ने प्रणाली स्थापना गर्न सहयोग गर्नेछौं।

| प्रयास | विवरण |
|---|---|
| **३-१ स्थानीय जापानी भाषा शिक्षामा संलग्न विभिन्न संस्थाहरूसँगको सहकार्यलाई बलियो बनाउने** | **●जापानी भाषा शैक्षिक संस्थाहरूसँगको सहकार्यलाई बलियो बनाउने**<br>जापानी भाषाका विद्यालय र विश्वविद्यालयहरू आदि विशेष संस्थाहरूसँगको सहकार्यमा शिक्षकहरूको परिचय तथा नियुक्ति र विद्यार्थीहरूको जापानी भाषाका कक्षाहरूमा सहभागिता आदि स्थानीय जापानी भाषा शिक्षाको बुझाइलाई प्रोत्साहन र जिम्मेवारी लिएर काम गर्ने व्यक्तिहरूको उपयोग बढाउनको लागि काम कुराहरु गर्नेछौं।<br>**●वडा कार्यालयहरू र सार्वजनिक कार्यालयहरूसँग सहकार्यलाई बलियो बनाउने**<br>वडा कार्यालय तथा सार्वजनिक कार्यालयहरू, स्थानीय कल्याणकारी समूहहरू र स्थानीय समुदायहरू, बासिन्दाहरूलाई सेवा प्रदान गर्ने समूहहरू आदि सँग जानकारी आदानप्रदान गर्ने र परियोजनालाई कार्यावन्यन गर्न सहकार्य गर्ने जस्ता कुराहरुलाई अगाडि बढाउदै लग्ने छौं।<br>**●कम्पनीहरूसँगको सहकार्यलाई बलियो बनाउने**<br>सम्बन्धित समूहहरू तथा संस्थाहरूसँग सहकार्य गर्दै जानकारीहरू तथा सूचना आदानप्रदान गर्ने बैठक आदि आयोजना गर्नेछौं। विदेशीहरूलाई रोजगारी दिने कम्पनीहरूले गरेको प्रयासको उदाहरण र क्रस-सांस्कृतिक सञ्चार आदि सम्बन्धित ज्ञान सेयर गर्ने र कम्पनीका साथै सम्बन्धित समूहहरूसँग अन्तरक्रिया गरेर नेटवर्कलाई बलियो बनाउनेछौं।<br>**●अन्य सम्बन्धित क्षेत्रहरूको प्रत्येक समूहहरूसँगको सहकार्यलाई बलियो बनाउने**<br>बाल हेरचाह सहयोग समूहहरू, कल्याणकारी समूहहरू र NPO जस्ता विभिन्न निकायहरूको विशेषता प्रयोग गरेर स्थानीय जापानी भाषा शिक्षासँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्छौं र समान आवश्यकता भएका निकायहरू बीच सहकार्य र सहयोग प्रणालीको निर्माणलाई सहयोग गर्छौं। |

## प्रवर्द्धन प्रणाली

योकोहामा शहर, योकोहामा अन्तर्राष्ट्रिय संघ, ″योकोहामा जापानी भाषा अध्ययन सहयोग केन्द्र (यसपछिका वाक्यहरुमा ″केन्द्र″ भनेर लेकिएको छ। )″ ले नेतृत्व गर्दै पदोन्नति प्रणालीलाई व्यवस्थित गरेर अन्तर्राष्ट्रिय विनिमय लाउन्ज, शहरको जापानी भाषा कक्षा सञ्चालन संस्थाहरू, जापानी भाषा शैक्षिक संस्थाहरू (जापानी भाषाका विद्यालयहरू आदि), जापानी भाषाको शिक्षक प्रशिक्षण संस्थाहरू, कम्पनीहरू र स्थानीय समूहहरू जस्ता स्थानीय जापानी भाषा शिक्षा (अध्ययनको लागि सहयोग) सँग सम्बन्धित संस्थाहरूसँग सहकार्य गर्दै स्थानीय जापानी भाषाको शिक्षालाई अगाडि बढाउदै लग्ने छौं।

●**योकोहामा सहर**

अन्तर्राष्ट्रिय ब्यूरोले केन्द्रीय भूमिका खेलेर विभागहरू एकअर्कासँगै सहकार्य गर्दै स्थानीय जापानी भाषा शिक्षाको लागि व्यापक प्रणालीको निर्माणलाई प्रवर्द्धन गर्न प्रयास गर्नेछौं।

अन्तर्राष्ट्रिय एक्सचेन्ज लाउन्ज, स्थानीय समूहहरूसँगको सहकार्य र विदेशी नागरिकलाई जानकारी उपलब्ध गराउने आदिको बारेमा वार्ड कार्यालयसँग, कम्पनीसँगको सहकार्य आदिको बारेमा आर्थिक ब्यूरोसँग, बालबालिकाको जापानी भाषा शिक्षाका बारेमा शिक्षा समितिसँग, बालबालिका हुर्काउने विदेशी अभिभावकलाई सहयोग गर्ने बारेमा बालबालिका र युवा मामिला ब्यूरो आदि सँग सम्बन्धित ब्यूरोहरूसँग सहकार्य गर्नेछौं।

●**योकोहामा सहर अन्तर्राष्ट्रिय एक्सचेन्ज संस्था(YOKE)**

स्थानीय जापानी भाषा शिक्षा र बहुसांस्कृतिक सहजीवनमा सम्बन्धित मुख्य संस्थाको रूपमा "योकोहामा जापानी भाषा अध्ययन सहयोग केन्द्र" को रूपमा काम गरेर विदेशी बासिन्दाहरूको जापानी भाषा शिक्षाको आवश्यकता र अवस्था बुझ्ने र विभिन्न निकायहरू बीच समन्वय र नेटवर्कहरू निर्माण आदि गरेर योकोहामा सहर क्षेत्रमा व्यापक समन्वय गर्नेछौं।

●**योकोहामा जापानी भाषा अध्ययन सहयोग केन्द्र（YNC）**

"स्थानीय जापानी भाषा शिक्षाको विभिन्न किसिमका काम कुराहरु समावेश भएको प्रणालीको निर्माणलाई अगाडि बढाउने कामको जगको रुपमा रहेको ठाउँ" र "विदेशी बासिन्दाहरूलाई जापानी भाषा सिक्न सहयोग गर्ने ठाउँ" को रुपमा दुईवटा भूमिकाहरू निर्वाह गर्दै सम्बन्धित सबै कामहरु गरिरहेका छन्। विभिन्न कुराहरुको समायोजन गर्ने बैठकको स्थापना र संयोजकहरू नियुक्ति आदि जगको रुपमा काम गर्ने भूमिका बोकेको छ।

- **विभिन्न कुराहरुको समायोजन गर्ने बैठकको　सञ्चालन**

अन्तर्राष्ट्रिय एक्सचेन्ज संस्था, स्थानीय जापानी भाषा शिक्षा र बहुसांस्कृतिक सहजीवन आदि प्रत्येक क्षेत्रको विशेषज्ञहरू, स्थानीय जापानी भाषा कक्षाहरू, जापानी भाषा विद्यालयहरू, कम्पनीहरू र विदेशी बासिन्दाहरूका प्रतिनिधिहरू जस्ता विभिन्न क्षेत्रका विशेषज्ञहरू सम्मिलित विज्ञ सम्मेलनमा

परियोजनाको नतिजा र चुनौतीहरू सेयर गर्ने, प्रत्येक क्षेत्रको जानकारी सेयर र छलफल गरि साथै परियोजनाको प्रगति व्यवस्थापन र कत्तिको लक्ष्य सम्म पुगेको छ त्यसको अवस्थालाई निश्चय आदि गर्नेछौं।

- **सामान्यीकरण संयोजक र स्थानीय जापानी भाषा शिक्षा संयोजक राख्ने**


योकोहामाको स्थानीय जापानी भाषा शिक्षा र बहुसांस्कृतिक सहजीवनसँग परिचित हुने सामान्यीकरण संयोजक र स्थानीय जापानी शिक्षा संयोजक केन्द्रमा राख्नेछौं।

सम्बन्धित संस्थाहरूसँग समन्वय र सहकार्य गरेर स्थानीय जापानी भाषा कक्षाहरूलाई आवश्यक सल्लाह प्रदान गर्ने, सहयोग गर्ने संस्थाहरू र समूहहरूको नेटवर्क निर्माण गर्ने र जापानी भाषा शिक्षा कार्यक्रमहरू सिर्जना गर्न सहयोग गर्ने जस्ता आउटरिच सहयोग गरेर स्थानीय जापानी भाषा शिक्षालाई प्रवर्द्धन गर्छौं।

●**अन्तर्राष्ट्रिय एक्सचेन्ज लाउन्ज**

यस कार्य योजनाको उद्देश्य बुझेर वडाको बहुसांस्कृतिक सहजीवन तथा सहकार्य र अन्तर्राष्ट्रिय आदानप्रदानको लागि एक किसिमको आधारको भूमिकाको रूपमा जापानी भाषाको अध्ययन (सहयोग) बारे जानकारी प्रदान गर्ने, जापानी भाषाका कक्षाहरू सञ्चालन तथा सञ्चालनको लागि सहयोग (स्थान उपलब्ध गर्ने तथा प्रशिक्षण कक्षा आयोजना गर्ने आदि), जापानी भाषाका कक्षाहरू सम्बन्धि जानकारी आदानप्रदान गर्ने बैठकहरू आयोजना गर्ने, जापानी भाषा अध्ययन गर्न सहयोग गर्ने व्यक्तिहरूलाई तालिम दिने आदि गर्नेछौं।

【योकोहामा शहर स्थानीय जापानी भाषा शिक्षा प्रवर्द्धन प्रणाली】




| | |
|---|---|
| A | विदेशी |
| B | जापानी भाषा अध्ययन मार्फत समुदायको कामहरुमा सहभागिता र सक्रियता |
| C | जापानी |
| D | सजिलो जापानी भाषा |
| E | बहुसांस्कृतिक समझदारी |
| F | बहुसांस्कृतिक सहजीवन तथा सहकार्यलाई अगाडि बढाउन |
| G | स्थानीय जापानी भाषा शिक्षा र जापानी भाषाको अध्ययनको लागि सहयोग गर्ने ठाउँ |
| 1 | स्थानीय जापानी भाषाको कक्षा |
| 2 | विद्यालय (प्राथमिक, निम्न माध्यमिक र उच्च माध्यमिक) |
| 3 | विश्वविद्यालयहरू |
| 4 | जापानी भाषाको शैक्षिक संस्था |
| 5 | कम्पनी |
| 6 | कल्याणकारी संस्था |
| 7 | सार्वजनिक कार्यालय |
| 8 | नागरिक संगठन |
| 9 | स्थानीय समुदाय |
| 10 | विदेशी समुदाय |
| 11 | वडा कार्यालय |
| 12 | अन्तर्राष्ट्रिय विनिमय लाउन्ज |
| 13 | योकोहामा जापानी भाषा अध्ययन सहयोग केन्द्र |
| 14 | योकोहामा शहर |
| 15 | योकोहामा अन्तर्राष्ट्रिय संघ |

"स्थानीय जापानी भाषाको कक्षा"

• स्थानीय जापानी भाषाको कक्षा भन्नाले "जीवनयापन गर्नेको लागि आवश्यक जापानी भाषा सिक्ने निजिकको ठाउँ", "जापानको सामाजिक नियमहरुको संरचना बुझ्न र जीवनयापन सम्बन्धि सल्लाह गर्न सक्ने ठाउँ" साथै "सँगै बसोवास गर्ने बासिन्दाको रूपमा भेटघाट र अन्तरक्रिया गर्ने, आपसी कुराहरु आदानप्रदान गर्ने ठाउँ" जस्ता बसोवास गर्दै आएका विदेशी बासिन्दाहरू पनि स्थानीय समुदायको एक व्यक्तिको रूपमा जीवनयापन गर्नको लागि आवश्यक विभिन्न प्रकारका सहयोग प्रदान गर्ने ठाउँ हो।
समुदाय भित्रको पारस्परिक सहयोगबाट स्थापना भएको स्थानीय बासिन्दाहरूको एक सक्रिय पहल हुनुको साथै योकोहामामा बहुसांस्कृतिक सहजीवन तथा सहकार्यलाई अगाडि बढाउनको लागि अत्यन्त आवश्यक कामको रुपमा रहेको छ।

• स्थानीय जापानी भाषाको कक्षामा जापानी भाषाको अध्ययन सम्बन्धित समस्याहरूको अतिरिक्त, दैनिक जीवनयापनसँग जोडिएको विभिन्न समस्याहरू पहिचान गर्ने अवसरको पनि प्रतिनिधित्व गरेको छ।
प्रत्येक स्थानीय जापानी भाषाका विद्यालयको प्रयासहरुलाई महत्व दिई स्थानीय जापानी भाषाका विद्यालयहरूले पहिचान गरेका समस्याहरूको बोझ बोक्न नपर्ने गरि विभिन्न पक्षहरूसँग समस्याहरूको बारे जानकारी आदानप्रदान तथा समाधानको लागि छलफल गरेर बसोवास गर्दै आएका विदेशी बासिन्दाहरूको सहयोगमा योगदान पुर्याउन जरूरी छ।

प्रकाशित: योकोहामा सहर अन्तर्राष्ट्रिय ब्यूरो ●●साल ●●महिना